**मिति २०७७ चैत्र २७ गतेको ५७ औं कार्यपालिका बैठकका प्रस्ताव र निर्णयहरु :**

प्रस्तावहरु :

१. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका २०७७ को मस्यौदा सम्बन्धमा।
२. बडीमालिका नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०७७ सम्बन्धमा।
३. आर्थिक वर्ष २०७७/ ०७८ का योजना संशोधन सम्बन्धमा।
४. नव वर्ष २०७८ को शुभकामना सम्बन्धमा
५. आर्थिक वर्ष २०७८-२०७९ को प्रधानमन्त्री रोजगारको बेरोजगार संख्या अनुमोदन सम्बन्धमा।
६. बडीमालिका नगरपालिकाको क्षमता स्वमुल्याङ्कन (LISA) सम्बन्धमा।
७. जलवायु उर्जा तथा वातावरण कार्यक्रम (वटा स्वास्थ्य संस्था विद्यालय तथा ५ वटा १०) सम्बन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नं १ मा छलफल गर्दा स्वच्छ र सफा बडीमालिका नगरपालिका अभियानलाई सफल बनाउन एक घर अभियान अन्तरगत निश्चित मापदण्ड तर्जुमा गरी सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका २०७७ स्वीकृत गर्ने निर्णय गरियो।
२. उपलब्ध स्रोत साधनको समुचित प्रयोग गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्न बडीमालिका नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०७७ स्वीकृत गर्ने निर्णय गरियो।
३. सातौँ नगरसभाबाट स्वीकृत देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु नवौं नगरसभाबाट अनुमोदन हुने गरी शीर्षकान्तर वा रकमान्तर वा सशोंधन गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | साविक योजना कार्यक्रम | विनियोजित बजेट | संशोधन गर्नु पर्ने योजना तथा कार्यक्रम | संशोधित बजेट | सशोधनको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शी .न. ३०२० .क्रसं ९३ . मा रहेको मना वृहत सिंचाई कुलो ( वडा ५) | १० लाख | वडा कार्यालयमा सभाहल निर्माण | ७ लाख | प्रदेश सरकारबाट बजेट प्राप्त भएको हुँदा दोहोरो पर्ने भएकोले, | |
| | | | कैलाशेस्वरी माध्यमिक विद्यालयमा बालविकास केन्द्रको भवन मर्मत | ३ लाख | | |
| २ | सि मा ७ .नं. रहेको पाटा पडेखोला तटबन्धन | ५ लाख | पाटा शहरी स्वास्थ्य केन्द्रको भवन प्लाष्टर तथा शौचालय निर्माण | ५ लाख | स्वास्थ्य संस्थामा शौचालय नुहँदा समस्या भएको र भवनमा प्लाष्टर गर्नुपर्ने भएकोले | |

२०७८।१२।२८

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | योजना ( वडा नं १) | | | | | |
| ३ | मार्तडी झाल्या सडक ( वडा नं ८) | ५० लाख | बाउली झराउले सडक | ५० लाख | मार्तडी झाल्ले सडकमा जग्गा विवाद हुँदा निर्माण गर्न नसकिने भएकोले बाउली झराउले रतुडा सडक निर्माण गर्नुपर्ने | |
| ४ | ठुलीसाँघु चौराटा सडक र पावरहाउस मछाइना गोरेटो बाटो ( वडा नं ९) | १० लाख र ५ लाख | काउला गडा तटबन्धन निर्माण | १५ लाख | मिति २०७७ साउन २५ गतेको विनासकारी बाढीले चौराटाको मछाइना वस्तीमा पहिरो आइ सिंगो गाउँ नै जोखिममा रहेकोले वस्ती संरक्षणका लागि सडक र गोरेटो भन्दा तटबन्धन महत्वपूर्ण र आवश्यक रहेको | |
| ६ | कराला गडखेत प्रतिक्षालय निर्माण ( वडा नं ९) | ३ लाख ५० हजार | दलित सामुदायिक संस्थाको भवनको छतमा फलामको घेरवार निर्माण | ३ लाख ५० हजार | प्रतिक्षालय निर्माणका लागि बजेट अपुग भएकोले | |
| ७ | चाकाबाडा बाटो निर्माण ( वडा नं ९) | ५० हजार | चाकाबाडा खानेपानी निर्माण | ५० हजार | बाटो निर्माण भैसकेकोले | |
| ५ | चुथि झो पु देखि खिरिडा ढम्कने सडक ( वडा नं ७) | ६ लाख | गोपु चुथी झोपु कालाऋषि खोला भिरबाटो पहिरो नियन्त्रण ग्याविन तथा बाटो निर्माण | ६ लाख | जग्गा विवादका कारण योजना सम्पन्न गर्न नसकिने भएकोले परिमार्जन गर्नु परेको | |
| ६ | जनजातीको मागमा आधारित कार्यक्रम ( महिला बालबालिका शाखा) | २ लाख ५० हजार | गुम्बा मर्मत | २ लाख ५० हजार | जनजातीको माग अनुसार | |

२०७७।१२।२६

प्रमुख प्रशासकीय अधिकृत

बडिमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अपाङ्ग कल्याण सेवा संघको मागमा आधारित कार्यक्रम ( महिला बालबालिका शाखा) | ४ लाख | स्थानीय समन्वय समितिको बैठक खर्च | १ लाख ५० हजार | अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचय वितरणको लागि बैठक व्यवस्थापनका लागि अन्य स्रोतबाट बजेट व्यवस्थापन हुन नसकेकोले | |
| ८ | पशु व्यवसाय प्रवर्द्धन तथा पशु विकास कार्यक्रम ( वडा नं ६) | २ लाख | वडा अध्यक्ष कप भलिवल र वडा (महिला र पूरुष) कार्यालयलाई अत्यावश्यक सामग्रीखरिद | २ लाख | पशु विकासका लागि न्यून बजेट | |

४. नव वर्ष २०७८ सालको पावन अवसरमा सम्पूर्ण नगरवासी लगायत स्वदेश तथा विदेशमा रहेका नेपालीजनमा हार्दिक मंगमलय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०७७ ०७८ का लागि यस नगरपालिका अन्तरगत न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक बेरोजगारहरुले वडामा पेश गरेका निवदेनहरु क्रमश वडा नं १ देखि ९ सम्मका ३७११ जना बेरोजगार सुचिकृत गर्ने निर्णय गरियो ।

६. संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत system मा चैत्र मसान्त भित्र नगरपालिकाको स्वमुल्याङ्कन कार्यविधि अनुसारको विवरण प्रविष्टी गरी नगरकार्यपालिकालाई जानकारी गराउने गरी नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

७. UNICEF नेपाल र बडीमालिका नगरपालिकाको आयोजनामा सञ्चालित जलवायु परिवर्तन तथा वातावरण कार्यक्रम अन्तरगत हरित बडीमालिका अभियान अनुसार पहिलो चरणमा देहायका विद्यालय र स्वास्थ्य संस्थामा वृक्षारोपण गर्नका लागि छनोट गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. जाल्पादेवी मावि वडा नं १
२. सत्यवादी माध्यमिक विद्यालय वडा नं २
३. चोयाकोट माध्यमिक विद्यालय वडा नं ३
४. पाथरकोट आधारभुत विद्यालय वडा नं ४
५. कैलाशेस्वरी मावि वडा नं ५
६. ने रा मा वि वडा नं ६

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

७. लक्ष्मी मा वि वडा नं ७
८. ज्ञानोदय मा वि वडा नं ७
९. मालिका माध्यमिक विद्यालय वडा नं ८
१०. मष्टेश्वरी आधारभुत विद्यालय वडा नं ९
११. मार्तडी स्वास्थ्य चौकी चुथी
१२. जुगाडा स्वास्थ्य चौकी भौनेरा
१३. बुढीगंगा स्वास्थ्य चौकी जडाङ्गा
१४. रजाली शहरी स्वास्थ्य केन्द्र रजाली
१५. मेलकाँध शहरी स्वास्थ्य केन्द्र चौराटा

**आजको कार्यपालिका बैठकमा निम्न विषयहरुमा पनि छलफल गरी निष्कर्षमा पुगियो** :

१. डोको अफिस सप्लायर्स कैलालीलाई गत वर्ष गरिएको चेक रकम भुक्तानी नभई नगरपालिकाको सञ्चित कोषमा आम्दानी भएको भए खर्च लेख्ने सहमती भयो।
२. नगरपालिकाको २०७७ साल चैत्र महिनाको फाँटवारी समेत प्रस्तुत भयो।
३. नगरपालिकाले विभिन्न मितिमा विभिन्न फर्म तथा कम्पनीलाई उपलब्ध गराएको कोटेशन बमोजिम भुक्तानीका लागि पेश हुन आएका हुँदा स्रोत पहिचानका लागि स्रोत अनुमान तथा सीमा निर्धारण समितिलाई निर्देशन दिने।
४. दिनप्रति दिन नगरपालिका क्षेत्रमा वन जङ्गलमा डडेलो लगाउने क्रम नरोकिएकोले सामुदायिक वन तथा सरोकारवालाई सचेतना अभिवृद्धी तथा सन्देश प्रवाहका लागि लेखि पठाउने र वनमा आगलागी नियन्त्रणका लागि स्रोत तथा जनशक्ति परिचालन गर्न नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।
५. जिल्ला सदरमुकाम मार्तडीको खानेपानी व्यवस्थापन गरिरहेको वृहत मार्तडी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समितिलाई पटक पटक निर्देशन गर्दा पनि बजारमा खानेपानीको उचित प्रवन्ध मिलाउन नसकेकोले अन्तिम पटक खानेपानी व्यवस्थापनका प्रयास र उपलब्धी सहितको प्रतिवेदन पेश गर्न लेखि पठाउने निर्णय गरियो।
६. नगरपालिकामा सञ्चालनमा गरिएको स्थानीय आपतकालिन केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि कार्य सञ्चालन कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

2066/12/26
प्रमुख प्रशासकीय अधिकृत